# राष्ट्रिय बीमा कम्पनी लिमिटेडको

## प्रमुख कार्यकारी अधिकृत पदको

## पदपूर्ति सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८०/१०/२४ गते)**

राष्ट्रिय बीमा कम्पनी लिमिटेडमा रिक्त प्रमुख कार्यकारी अधिकृत पदमा खुला प्रतिस्पर्धात्मक प्रतियोगिताद्वारा पदपूर्ति गरिने भएकोले देहायको योग्यता भएका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रथम पटक प्रकाशित मितिले २१ दिन भित्र कार्यालय समयमा कम्पनीको प्रधान कार्यालय, रामशाहपथ, काठमाडौंमा गोप्य शिलबन्दी आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । निर्धारित मिति र समय भित्र प्राप्त हुन नआएको तथा रीत नपुगेको दरखास्त स्वीकृत हुने छैन ।

१. **योग्यता तथा अनुभव :**

क) बीमा, मौद्रिक, बैंकिङ्ग, वित्तिय, बाणिज्यशास्त्र, व्यवस्थापन, जनप्रशासन, तथ्याङ्कशास्त्र, गणित, अर्थशास्त्र वा कानून बिषयमा कम्तिमा स्नातकोत्तर वा सो सरहको उपाधि हासिल गरी व्यवस्थापक तहमा बीमा क्षेत्रमा भए कम्तीमा पाँच (५) बर्ष वा आर्थिक, बैंक वा वित्तीय क्षेत्रमा भए आठ (८) बर्ष तथा दुवै क्षेत्रमा भए बीमामा एक वर्षको अनुभव सहित कम्तिमा सात (७) बर्षको अनुभव भएको, वा

(ख) चार्टर्ड एकाउन्टेन्सी गरेको वा बीमा, मौद्रिक, बैंकिङ्ग, वित्तिय, बाणिज्यशास्त्र, व्यवस्थापन, जनप्रशासन,तथ्याङ्कशास्त्र, गणित, अर्थशास्त्र वा कानून बिषयमा स्नातक वा सो सरहको उपाधि हासिल गरी कम्तीमा व्यवस्थापक तहमा बीमा क्षेत्रमा भए कम्तीमा दश (१०) बर्ष, बैंक वा वित्तीय क्षेत्रमा भए पन्ध्र (१५) बर्ष तथा दुवै क्षेत्रमा भए बीमामा एक वर्षको अनुभव सहित कम्तिमा बाह्र (१२) बर्षको अनुभव भएको ।

स्पष्टिकरण : "व्यवस्थापक तह" भन्नाले नेपाल सरकार वा नेपाल सरकारको स्वामित्वमा भएका संगठित संस्था वा कम्पनी ऐन अनुसार गठित संस्थाका अधिकृत द्वितिय (कम्तिमा तह ९) वा सो सरह वा सो भन्दा माथिको पदलाई सम्झनु पर्दछ र "उपाधी" भन्नाले नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट प्राप्त उपाधीलाई सम्झनु पर्दछ ।

(ग) नियामक निकायबाट प्रमुख कार्यकारी अधिकृत हुन अयोग्य हुने भनी तोकिएको अवस्था नभएको ।

(घ) उमेर : दरखास्त बुझाउने अन्तिम दिनसम्म ६५ बर्ष ननाघेको ।

२. **दरखास्त पेश गर्ने प्रक्रिया :**

क) दरखास्त साथ कम्पनीको Website: www.rbcl.gov.np मा प्रकाशित प्रमुख कार्यकारी अधिकृत पदको पदपूर्ति सम्बन्धी कार्यविधि, २०८० को दफा ५ बमोजिमको कागजात तथा विवरण र सोही दफाको उपदफा (५) अनुसारको स्वयं घोषणाको व्यहोरा निवेदक स्वयंले प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

ख) दरखास्त पेश गर्दा शैक्षिक योग्यता, अनुभव, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, वैयक्तिक विवरण र २ प्रति पासपोर्ट साईजको फोटो तथा उपरोक्त कार्यविधिको दफा ९ बमोजिमको व्यवसायिक कार्ययोजना (पाँच हजार शब्दमा नबढ्ने गरी) चार प्रति खामबन्दी गरी कम्पनीको कम्पनी सचिव समक्ष पेश गर्नुपर्नेछ । साथै, सो को सफ्ट कपि (Soft Copy) समेत पेश गर्नु पर्नेछ । खामबन्दी प्रस्तावको खामबाहिर "राष्ट्रिय बीमा कम्पनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृत पदका लागि आवेदन तथा व्यावसायिक कार्ययोजना" उल्लेख गरेको हुनुपर्नेछ ।

ग) बहालवाला कर्मचारीले यस पदको प्रतियोगितामा सहभागी हुन चाहेमा सेवारत निकायबाट विभागीय स्वीकृति प्रदान गरिएको पत्र संलग्न गर्नु पर्नेछ ।

३. **व्यवसायिक कार्ययोजनाको प्रस्तुतीकरण :**

छनौटसूची (Short List) मा परेका उम्मेदवारले आफुले पेश गरेको व्यवसायिक कार्ययोजना तोकिएको मिति र समयमा प्रस्तुतीकरण गर्नु पर्नेछ ।

४. **दस्तुर :**

दरखास्त दस्तुरवापत कम्पनीको नेपाल बैंक लिमिटेड, काठमाण्डौं बैंकिङ्ग अफिस, धर्मपथमा रहेको खाता नम्बर ००२००१००५०५१५००००००१ मा रु. ५,०००।- (अक्षरेपी पाँच हजार मात्र) बुझाएको सक्कलै भौचर पेश गर्नु पर्नेछ ।

५. **पारिश्रमिक :**

प्रमुख कार्यकारी अधिकृतलाई करारमा उल्लेख भए बमोजिमका शर्तहरुका आधारमा मासिक पारिश्रमिक तथा अन्य सेवा सुविधा उपलब्ध गराइनेछ ।

६. **अन्य विवरण :**

क) "प्रमुख कार्यकारी अधिकृत पदको पदपूर्ति सम्बन्धी कार्यविधि, २०८०" कम्पनीको Website: www.rbcl.gov.np मा राखिएको छ ।

ख) यो सूचना बमोजिम प्राप्त भएका दरखास्त पदपूर्ति सिफारिस उपसमितिले कुनै कारण उल्लेख गरी वा नगरी रद्द गर्न सक्नेछ ।

ग) झुट्टा विवरण वा कागजात पेश गरेमा आवेदन रद्द हुनुका साथै प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

घ) यस सम्बन्धी थप जानकारीका लागि कम्पनीको कम्पनी सचिव वा टेलिफोन नं. ०१-५३५८८६६ (Ext No.) एक्सटेन्सन नं. २०८ मा सम्पर्क गर्न सकिनेछ ।